

# लन्डन टाढा छैन

देवेन्द्र भट्टराई
तस्वीर : कुमार आले









**पानी परिरहेको एक मध्याह्नमा प्राध्यापक माइकल हट संगीतज्ञ अम्बर गुरुङकहाँ भेटिए । सानो रेकर्डर अघि राखेर उनी कुरा गर्दै थिए कवि भूपी शेरचनबारे । लगत्तै अनागरिक बन्नुको पीडा खेपिरहेका भुटानी नेता टेकनाथ रिजालसँग पनि उनले दुःखसुखका दुईचार बात मार्न भ्याए । बीचैमा उनी हानिएर पुगे दार्जिलिङ र, आईबी राईसँग भलाकुसारी गरेर फिरे । लन्डन फिर्नु अघिल्लो बिहान उनी भन्दै थिए- 'हिजो उता पनि मेरो कार्यालय छेउमै बम पड्किएछ । यता त सजिलै आएँ, अब उता फिर्न डर लागिरहेछ ।'**

युनिभर्सिटी अफ् लन्डनमा भूगोल, अर्थशाश्त्र, विज्ञान विषयसँगै जर्मन र फ्रेन्च भाषामा पारम्गत बन्ने क्रममा थिए माइकल हट । सन् १९७८ तिर हिन्दी भाषामा स्नातक गरिरहेका बेला पढाइ सिलसिलामा उनले वृन्दावन आउनुपर्‍यो । त्यहीबेला पाण्डुलिपि खोज गर्दै उनले साथीभाइसंग मिलेर सिन्धुपाल्चोकको बाह्रबिसेसम्म पुग्नुपर्‍यो ।

'मलाई यताको व्यवहार एकदमै रमाइलो लाग्यो', २५ वर्षअघिको सम्झना उधिन्दै माइकल भन्छन्- 'कसैले म्लेच्छ भनेर गाली पनि गर्दैनन्, सफेद जात भनेर टिप्पणी पनि गर्दैनन् ।' त्यही मौकामा बँचेको समयमा वृन्दावन नफिरी उनी पोखरा पुगे । पछि लन्डन फिर्नेबित्तिकै सन् १९७९ देखि नेपाली भाषा सिक्न थाले । उता फिरे पनि उनका मनमा यतैको चित्र उत्रिरहन्थ्यो । बीचको छुट्टीमा एउटा गाउँ गएर खानीमा काम गरेर त्यसबाट कमाएको पैसाले उनी फिरन्ता बनेर नेपाल आइपुगे ।

३६ सालको जनमतसंग्रहको केही दिनअघि उनी फेरि काठमाडौंमा थिए । उनी नयाँ सडकको पारस होटलमा बसेका थिए । त्यहीबेला सडक कविता क्रान्तिदेखि अरू सांकेतिक क्रान्तिहरू एकैसाथ चलिरहेका थिए । भाषा-साहित्यसँग गाँसिएको राजनीतिक-साइनोबारे उनलाई त्यहीँबाट थाहा भयो । त्यसबेला सडक पेटीमा पाइने लोकल साहित्यका पुस्तक उनी किन्थे र, कन्दै फुटाउन खोज्थे ।

पछि गएर सन् १९८१ मा माइकलले नेपाली भाषाको इतिहास र साहित्य विकासबारे पीएचडी थालेका थिए । त्यही क्रममा ६ महिनाभन्दा बढी नेपाल बसेका थिए । ताना शर्माको 'नेपाली साहित्यको इतिहास' लगायतका सन्दर्भ पुस्तक र अरू साहित्यिक कृति पठनमा उनको चासो रह्यो । नेपाल र नेपाली परिवेश बुझ्न-बुझाउनमा उनका गुरु थिए भाषाविद् डेभिड म्याथ्यु पनि साथैमा थिए ।

'यो २०/२२ वर्षमा नेपाल र नेपालीको चिनारी धेरै अर्थमा बाहिर फैलिइसकेको छ', असारे झरीको मध्यमा काठमाडौंमा फेला परेका माइकलले भने- 'लन्डनमा असीको दशकमा बीबीसीबाहेक नेपाली साथी कोही थिएनन् । अहिले छ्यापछ्याप्ती छन् ।' बरू राजनीतिक चेतना र अरू दृष्टिमा नेपाल आफैं ८० को दशकतिर फिर्न लागेको हो कि भन्ने आशंका माइकलका मनमा पलाएको छ ।

पीएचडी क्रममा नेपाल बसेका वेला उनले त्रिशूली, नुवाकोट, गोरखा, पोखरा, मुक्तिनाथलगायतका ठाउँ गरेर झन्डै डेढ महिना पैदल यात्रा मारेका छन् । भुटानी शरणार्थीको चासो राखेर झापा, मोरङ बसेका छन् भने ठाउँ हेर्न हेलम्बु पुगेका छन् । 'तर अहिले सबैतिर विश्वासको संकट बढ्दो रहेको मैले पाएँ', उनले सुनाए- 'यो संकट किन र कसका कारण बढेको हो भन्ने बुझ्नुभन्दा आशंका र अनुमान धेरै फैलँदै गएको पनि पाएँ ।'

माइकल अहिले कवि भूपी शेरचनमाथि खोज गर्न थालेका छन् । सहज र सरल भाषामा कविता लेख्ने भूपीको जीवन, संघर्ष र उपलब्धि खोज्नमा यसपटकमात्रै उनले एक दर्जनभन्दा बढी सम्बद्ध पात्र, आफन्तसँग अन्तर्वार्ता लिन भ्याए । 'यो देश सोझा किसानहरूको मात्रै होइन, यहाँ भूपी जस्ता भिन्न आयाम भएका सजिला कवि पनि छन् भनेर बाहिरी दुनियाँलाई बुझाउन चाहन्छु', उनले भने । उनले यही क्रममा द्वारिका श्रेष्ठ, अम्बर गुरुङ, बैरागी काइँला, मोहन कोइराला, मदन शेरचन, कान्ति शेरचन, कविता शेरचन, चेतन कार्कीलगायतसँग भेट्न भ्याएका छन् । विदेशतिर नेपाल भन्नेबित्तिकै विगतमा कि त बढी गाली कि त प्रेमका कुरा मात्रै हुने गरेकोमा अहिले निकै 'सन्तुलन' फैलिएको उनको अनुभव छ ।

माइकलले महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' को अंग्रेजी अनुवादपछि अहिले लीलबहादुर क्षेत्रीको 'बसाइँ' को अनुवाद पनि सिध्याएका छन् । लन्डनबाट प्रकाशित हुने जर्नल 'हिमालयन भ्वाइसेज' मा धेरै नेपाली स्रष्टाको अनुवाद समेट्न भ्याएका छन् । यसबाहेक उनका नेपाल इन् नाइन्टीज, अ गाइड टु आर्टस् एन्ड अर्किटेक्चर अफ काठमाडौं, अनविकमिङ सिटिजन्स् (भुटानी शरणार्थीबारे) पुस्तकाकार रूपमा आएका छन् । 'तर यहाँ साहित्यिक समालोचना पनि प्रगतिशील र प्रजातान्त्रिक भनेर दुई खण्डमा विभाजित छन्', उनको दृष्टि छ- 'सृजना भनेको एउटै हुन्छ, मन छुने अथवा विचारको कुनै तरंग फैलाउने । यसमा राजनीति जोड्नुको अर्थ छैन ।'

बेलायतको सुदूरपश्चिम गाउँ कोल्मामा ४७ वर्षअघि जन्मेका माइकल अहिले नेपालको इतिहास खोज्ने क्रममा ब्राइन हड्सनको अनुसन्धानमा सुरु भएको परियोजना प्रमुखसमेत रहेका छन् । युनिभर्सिटी अफ लन्डन परिसरको स्कुल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिज (सोआस) को डिन जिम्मेवारी भए पनि यसमा नेपाल-नेपाली सोचभन्दा पर्तिरका कुरा थोरैमात्रै छन् ।

भाषा र साहित्यका कुरासँग मात्रै जोडिए पनि यसमा राजनीतिक एक वा अर्को अर्थमा गाँसिन आइहाल्ने माइकलको अनुभव छ । खुल्दै गएको र आधुनिकताको घेरामा हुर्कँदै गएको नेपाली समाजमा अहिले पछिल्तिर धकेलिँदै गएको बोध यसपटक उनलाई भयो । 'राजनीतिक दल र दरबार दुवैले जनतासामु गैर-प्रतिबद्धतामात्रै जनाएका कारण पनि हुन सक्छ, अविश्वास र आशंका पनि बढेको जस्तो लाग्छ', उनले भने ।

काम गर्न सकेमा र केही नयाँ गर्ने उत्कण्ठा देखाउन चाहेमा संसार फराकिलो भइसकेको माइकलको आफ्नो अनुभव छ । 'लन्डन भन्नुस् वा न्युयोर्क, अफ्रिका वा बेइजिङ- दूरीमात्रै फरक हो',उनले भने- 'कुनै पनि नयाँ काम गर्न जहाँ बसेर गरे पनि त्यो दूरीले अर्थ राखिरहँदैन ।' मध्य लन्डनको रसेल स्क्वायरस्थित युनिभर्सिटी अफ लन्डन परिसरको सोआसबाट नेपालको असारे झरी खान आइपुगेका डा. माइकल हटले फिर्नुअघि मीठो कुइरे-नेपाली भाकामा प्रतिकात्मक बन्दै सुनाए-'सम्झनुस्, लन्डन टाढा छैन ।'

'लन्डन भन्नुस् वा न्युयोर्क, अफ्रिका वा बेइजिङ- दूरीमात्रै फरक हो', उनले भने- 'कुनै पनि नयाँ काम गर्न जहाँ बसेर गरे पनि त्यो दूरीले अर्थ राखिरहँदैन ।



devendra@kantipur.com.np